# आर्थिक वर्ष २०७८/७९ को
# वजेट वक्तव्य

आठौँ गाउँ सभाको बैठकमा
गाउँपालिका अध्यक्ष गोविन्द्र बहादुर मल्लले
प्रस्तुत गर्नुभएको

## हिमाली गाउँपालिका
## सुदुरपश्चिम प्रदेश, नेपाल
## २०७८ आषाढ १०

नेपाल सम्वत् ११४० दिल्लाथ्व पञ्चमी

श्रद्धेय उपाध्यक्ष महोदय,

सभा सदस्य ज्युहरु, प्रमुख प्रशासकिय अधिकृत ज्यु, लगाएत सर्म्पुण राष्ट्र सेवक, विभिन्न स्थानिय व्यक्तित्व, सञ्चार कर्मि लगाएत सम्पुर्ण महानुभावहरु लाई हिमाली गाउँपालिकाको आठौं गाउँ सभामा पाँचौं बजेट योजना तथा कार्यक्रम प्रस्तुत समारोह मा गाउँपालिकाको बजेट तर्जुमा समितिको संयोजकको तर्फ वाट हार्दिक स्वागत गर्न चाहान्छु । साथै एतिहासिक यो अवसर पाउदा अत्यन्तै गौरवान्वित भएको छु ।

१. भौगोलिक, प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक एवं पर्यटकीय महत्वका दृष्टिले अत्यन्त प्रवल सम्भावना भएको गाउँपालिका भएर पनि द्रुत विकासको लागि हाम्रा सामु केही चुनौतीहरु पनि छन । विकासको क्रममा पछाडी परेका वर्ग तथा समुदायलाई विकासको मूल प्रवाहमा ल्याउने, उत्पादनशील क्षेत्रमा लगानी अभिबृद्धि गरी आर्थिक गतिविधिहरुको माध्यम द्वारा रोजगारी विस्तार गर्ने, कृषि क्षेत्रको व्यवसायिकीकरण र आधुनिकिकरण गर्ने, सुशासन प्रर्वद्धन गरी सेवा प्रवाहमा प्रभावकारीता कायम गर्ने, पर्यटन विकासबाट प्राप्त लाभ लिई सवै क्षेत्रसम्म पुऱ्याउने, वन जंगलको संरक्षण गर्दै वातावरणीय सन्तुलनलाई कायम राख्ने, भौतिक पूर्वाधारको विकासमा लगानी वृद्धि गर्ने तथा सामाजिक विकासलाई संस्थागत गरी अपेक्षित विकासको प्रतिफल हासिल गर्ने एवं आन्तरिक आयको दायरालाई फराकिलो बनाउने र आन्तरिक व्यवस्थापनलाई सुशासनमैत्री बनाई संस्थागत सुदृढिकरण गर्ने तथा संविधानको अनुसुची ८ मा भए वमोजिमका कानुन निर्माण तथा कार्यन्वयन गरि आत्मनिर्भर उन्मुख हुनुपर्ने समग्र चुनौतीहरु हाम्रो सामु रहेका छन् ।

२. राज्यको निर्देशक सिद्धान्त, संघिय आथिक निति, प्रादेशिक निति र दिगो विकासका लक्ष्य, पन्ध्रौं आवधिक योजना को लक्ष्य,प्रादेशीक आवधिक योजना का लक्ष्य प्राप्ति एवं स्थानिय सरकारको निति र कार्यक्रमलाई कार्यन्वयन गर्ने गरी बजेट तर्जुमा गरेकोछु । मैले यस सम्मानित सभामा मिति २०७८ आषाढ १० गते प्रस्तुत गरेको विनियोजन विधेयक, २०७८ का सिद्धान्त र प्राथमिक्ता तथा गाउँ कार्यपालिका र गाउँसभाका सदस्यहरु विभिन्न क्षेत्रबाट प्रत्यक्ष, अप्रत्यक्ष रुपमा सुझाव समेतलाई बजेट तर्जुमाको मुल आधार बनाएको छु ।

३. बजेट तर्जुमा गर्दा मैले स्थानिय सरकारको अधिकार सुची, केन्द्र सरकारको निति तथा कार्यक्रम, प्रदेश सरकारको निति तथा कार्यक्रमलाई ध्यान दिई तिव्र, उच्च, फराकिलो र समावेशी आर्थिक वृद्धि हुने गरी लगानी केन्द्रीत गर्न खोजेको छु ।

४. स्थानिय जनअपेक्षा र आदणीय सभा सदस्यहरुको विकास प्रतिको तिव्र अपेक्षाको सम्बोधन गर्न ठुलो आकारको वजेटको आवश्यकता पर्ने देखिन्छ । हामी संघियता कार्यन्वयनको प चरणमा रहेको हुँदा गाउँपालिकाले प्राप्त गर्ने स्रोत र साधन, खर्च गर्न सक्ने क्षमताका आधारमा यो वजेट तर्जुमा गरेको छु ।

५. गाउँपालिकाको आर्थिक विकासका लागि कानुन तर्जुमा, भौतिक संरचनाको निर्माण र व्यवस्थापन, आन्तरीक स्रोतको परिचालन, उत्पादन र उत्पादकत्व वृद्धि, आयोजनाको प्रथामिकिकरण र कार्यन्वयन, सार्वजानिक निर्माणमा गुणस्तरीयता र सुशासन प्रवर्द्धन , विकटता अशिक्षा वेरोजगारी सगै हालको कोरोना भाईरस को प्रकोप ले सृर्जित चरम गरिवि लाई न्युनिकरण गरी रोजगारीमुलक वनाउने हाम्रा प्रमुख चुनौति रहेका छन् । जहा समस्या त्यहाँ

समाधान भने जस्तै यी चुनौतीलाई अवसरको रुपमा परिणत गर्न यो वजेट पक्कै पनी उपलब्धी मुलक हुने अपेक्षा समेत गरेकोछु ।

६. आर्थिक वर्ष २०७८।०७९ को बजेटका उदेश्य हरु देहाय वमोजिम रहेका छन् :

- अत्यावश्यक र वनाउन बाकी स्थानिय ऐन नियम निति तथा संरचना निर्माण गर्ने,
- सडक, पुल, विद्यालय, विधुत ,उर्जा, स्वास्थ्य संरचना, सिचाई , खानेपानी लगायत का संरचना तथा भौतिक पुर्वाधार को सन्तुलित विकासमा जोड दिने,
- पर्यटन, कृषि, पशु घरेलु उद्यम जस्ता उत्पादनशिल क्षेत्र को लगानिवाट उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,
- प्रधानमन्त्रि रोजगार र युवा स्वरोजगार कार्यक्रम को माध्यमबाट गरिवी र व्यरोजगारी घटाउने
- गुणस्तरीय शिक्षा र स्वास्थ्यमा जोड दिने,
- कोरोना संक्रमण जोखीम न्युनिकरण गर्ने राष्ट्रिय अभियानमा गाउपालीकाको तर्फ वाट शून्य कोरोना निती लीई सोही वमोजिम कार्य गर्ने गरी सवै प्रकारका गतीविधि सञ्चालनमा जोड दिने ।

७."कृषि, शिक्षा, स्वास्थ्य, जडिवुटी, पर्यटन र जलस्रोत हिमालीको आधार, दिर्घकालिन दृष्टिकोण, सुशासन, गरिवी निवारण र रोजगार" भन्ने नारालाई आत्मसाथ गर्दै आर्थिक वर्ष २०७८/०७९ को वजेटमा देहायका क्षेत्रमा लगानीलाई उच्च प्राथमिकता दिएको छु ।

भौतिक पुर्वाधार ( गाउँपालिकाभवन, विद्यालय भवन, स्वास्थ्य चौकी भवन, सडक संरचना निर्माण, पर्यटन पदमार्ग निर्माण र स्तर उन्नती, लगाएत )

- कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायिकरण र यान्त्रीकीकरण,
- शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाई जस्ता क्षेत्रमा लगानी,
- पर्यटन पुर्वाधारको विकास र प्रवर्द्धन,
- उर्जाको विकास र विस्तार तथा विद्युतिकरण अध्यन
- घरेलु उद्यम विकास,
- जलस्रोतको विकास र सिंचाई,
- खेलकुद पुर्वाधारको विकास,
- मानव संसाधन विकास, लक्षीत बर्ग हितमुलक कार्यक्रमहरु
- वन तथा वातावरण,बृक्षारोपण
- विपद तथा प्रकोप ब्यबस्थापन र वेरोजगारी समस्या समाधान
- सामाजीक सुरक्षा र सामाजीक संरक्षण

अव म आ.व. २०७६ /०७७ को यथार्थ आम्दानी र खर्चको विवरण पेश गर्न चाहन्छु।

| आम्दानीको स्रोत | आय | व्यय | बाँकी |
|---|---|---|---|
| गाउँपालिकाको चालु, पूँजीगत र समग्र लगायत शिर्षकहरुमा | ३५ करोड ६५ लाख २१ हजार ३ सय ४५ रुपयाँ ६० पैसा | ३१ करोड ४९लाख ६२ हजार ४ सय ८ रुपयाँ २८ पैसा | ४ करोड १५ लाख ५८ हजार ९ सय ३७ रुपायाँ ३२ पैसा |

त्यस्तै गरी चालु आ.व. २०७७ /०७८ को संशोधित आम्दानी र खर्चको विवरण पेश गर्न चाहन्छु।

| आम्दानीको स्रोत | आय | व्यय | बाँकी |
|---|---|---|---|
| चालु तर्फ | १६ करोड ७६ लाख ५७ हजार ८ सय १० | १६ करोड ४१ लाख ५७ हजार ८ सय १० | ३५ लाख |
| पुजिगत तर्फ | १९ करोड ८२ लाख ६१ हजार | १९ करोड ७७ लाख ६१ हजार | ५ लाख |
| अन्य कार्यक्रम | ३ करोड ५१ लाख | ३ करोड ५१ लाख | -००००००००। |
| जम्मा | | | |

चालु आ.ब.को अन्ततिर विश्वभरी महामारीको रुपमा फैलिएको नोवेल कोरोना भाइ (Covid 19) रोकथाम तथा नियन्त्रण गर्नका लागि खडा गरिएको कोषको आय र व्ययको विवरण पेश गर्न गइरहेको छु ।

| आम्दानिका श्रोत | आय | व्यय | बाँकी |
|---|---|---|---|
| संघ | १० लाख | १० लाख | ० |
| प्रदेश | ० | ० | ० |
| गाउँपालिकाको | रु.३५ लाख | रु.३५ लाख | ० |
| जम्मा | | | |

हिमाली गाउँपालिकाबाट तयार गरिएका नीति तथा कार्यक्रमलाई सफल कार्यान्वयन गर्न आ.ब. ०७८/०७९ का लागि प्राप्त हुने आयको विवरण पेश गर्न चाहन्छु।

१) आन्तरिक आयको रुपमा कर तथा राजश्वबाट रु ५३ लाख ५० हजार

२) गत वर्षको अल्याबाट चालु तर्फ रु ४० लाख रुपैयाँ ।

३) गत वर्षको अल्या **दायित्व**बाट पुजि तर्फ रु ३७ लाख रुपैयाँ ।

## संघिय सरकारबाट प्राप्त अनुदान

१) वित्तिय समानिकरण तर्फ रु. ७ करोड ७० लाख ।

२) राजश्व बाँडफाँडबाट रु. ६ करोड ९३ लाख १७ हजार रुपैयाँ ।

३) चालु तर्फ शसर्त तर्फ रु ११ करोड ९८ लाख ।

४) पूजींगत तर्फ शसर्त तर्फ रु २करोड ७७ लाख

५) सामाजिक सुरक्षा तर्फ रु. ३ करोड ५१ लाख ।

## प्रदेश सरकारबाट प्राप्त अनुदान

१) वित्तिय समानिकरणबाट रु. ५३ लाख ९ हजार

२) राजश्व बाँडफाँडबाट रु. १३ लाख ८८ हजार

३) समपुरक अनुदानबाट रु. ० करोड ० लाख ।

आ.ब.२०७८/०७९ का लागि प्राप्त कुल बजेट रु. ३४ करोड ८६ लाख ६४ हजार मात्र बजेट यस गरिमामय सभामा पेश गर्न चाहान्छु ।

यसै गरी आ.ब. २०७८/०७९ का लागि व्यय तर्फको विवरण पेश गर्न चाहान्छु ।

१) चालु तर्फ रु ८ करोड ५५ हजार ।

२) पूजींगत तर्फ रु ८ करोड ६० लाख ९ हजर

३) चालु तर्फ शसर्त तर्फ रु ११ करोड ९८ लाख ।

४) पूजींगत तर्फ शसर्त तर्फ रु २करोड ७७ लाख

५) सामाजिक सुरक्षा तर्फ रु. ३ करोड ५१ लाख ।

जम्मा ३४ करोड ८६ लाख ६४ हजार

आ.ब. २०७८/०७९ का लागि विषयगत क्षेत्र तर्फ देहायको बजेट विनियोजन गरेको छु ।

अव म क्षेत्रगत रुपमा आर्थिक वर्ष २०७८/०७९ को बजेट र कार्यक्रम प्रस्तुत गर्न अनुमती चाहान्छु ।

१) कृषकहरुलाई आत्मनिर्भर गर्नका लागि कृषिक्षेत्र तथा पशुपन्छी क्षेत्रका कार्यक्रमहरु संचालन गर्नका लागि २० लाख बजेटको व्यवस्था गरेको छु ।

२) " एक व्यक्ति पाँच रुख अनिवार्य लगाऔं, फलफुल बेची गरिबि भगाऔं" भन्ने नारालाई साकार पार्न सफा स्वच्छ र हरियाली वातावरण प्रर्वद्धन गरी स्वावलम्बि नागरिक निर्माणका लागि गाउँपालिका अध्यक्ष वन संरक्षण अभियान अन्तरगत खाद्य सुरक्षाको लागि वृक्षारोपण कार्यक्रमलाई निरन्त्रता दिदै सो निती अनुरुप रोपिएका रुखहरुको संरक्षण तथा सम्बद्धन गर्ने नागरिकहरुलाई खाद्यान्नको व्यवस्थाका लागि ९० लाख बजेट विनियोजन गरेको छु ।

३) **हिमाली गाउँपालिकामा संचालनमा रहेको प्रधानमन्त्री तथा कृषि आधुनिकिकरण परियोजना अन्तरगत कृषि तथा पशु पकेट क्षेत्रको विकास कार्यक्रमलाई निरन्तरता दिन रु ३१ लाख बजेटको व्यवस्था गरेको छु।**

४) **कृषि क्षेत्रको विकासका लागि प्राविधिक सहयोग संचालन गर्न एक गाउँ एक प्राविधिक कार्यक्रमलाई लाई निरन्तरता दिनुका साथै कृषि तथा पशुपन्छी सम्बन्धी तथ्याकं संकलन तथा अध्यावधिक गर्न रु १० लाख बजेटको ब्यवस्था गरेको छु।**

५) **"उन्नत जातका पशुपन्छी र मस्यपालन गरौं, पशुपन्छीबाट जिवीकोपार्जन गरी आत्मनिर्भर बनौं" भन्ने मूल नारालाई साकार पार्न यस गाउँपालिकामा व्यवसायि रुपमा पशुपालन गर्ने कृषक तथा कृषक समूहलाई उन मिसन कार्यक्रम अन्तरगत भेडा प्रर्वद्धन र इपिडेमियायेलोजी रिपोटिङ्का लागि रु १५ लाख बजेटको व्यवस्था गरेको छु।**

६) **संघिय सरकार को शर्शत तर्फ प्राप्त वजेट अर्न्तगत कार्यक्रम वाट उद्यमशिलता कार्यक्रम ( मेड्पा) कार्यक्रमलाई निरन्तरता दिन रु ३३ लाख बजेटको व्यवस्था गरेको छु।**

७) **गाउँपालिकाभित्र रहेका तपशिलका स्थानहरुमा लघुउद्यम जस्तै सुधारिएका घट्ट मिलहरु, जडिबुढी उद्योग, केतुके उद्योग लगायतका कार्यक्रमहरु संचालन गर्न १० लाख बजेटको व्यवस्था मिलाएको छु। सो अन्तरगत तपशिल बमोजिमको योजनाहरु प्रथमिकरण गरिएका छन्।**

१) बाँधु केतुकी उद्योग
२) जडिबुटी उद्योगका लागि प्रविधि हस्तान्तरण वडा १ २ ३ र ५
३) सीपमूलक तालिमको व्यवस्था
४) नेटा आधुनिक चक्की घट्ट निर्माण योजना वडा न १
५) झारपाटा यूना आधुनिक घट्ट निर्माण योजना वडा न ३
६) बौडी खोला आधुनिक घट्ट निर्माण योजना वडा न ३
७) वक्षा आधुनिक घट्ट निर्माण योजना वडा न ५
८) क्यूडी चक्की मिल निर्माण योजना वडा न ५
९) फैती चक्की घट्ट निर्माण योजना वडा न ४
१०) धिम चक्की मिल निर्माण योजना वडा न ६
११) नापी डिल घट्ट निर्माण योजना वडा न ६
१२) देउरुख आधुनिक घट्ट निर्माण योजना वडा न ६ पाँडी
१३) पनेरा आधुनिक घट्ट निर्माण योजना वडा न ६ पाँडी
१४) बाँधु मिल मर्मत योजना वडा न ७
१५) फुलई घट्ट निर्माण योजना वडा न ३

८) **हिमाली गाउँपालिकाको क्षेत्रभित्र रहेका ऐतिहासीक धरोहर, मठ मन्दिर, गुम्वाहरुको उचित संरक्षण कार्यलाई निरन्तरता दिनका लागि ६० लाख बजेटको व्यवस्था गरेको छु। सो अन्तरगत तपशिल अनुसारका योजनाहरु प्राथमिकरण गरिएको छ।**

१) र्‍याफ्टिङ्ग सेवा सञ्चालन तथा व्यवस्थापन
२) नेपाली टोल मष्टा मन्दिर निर्माण योजना वडा न ७
३) उर्वीकोट मष्टा मन्दिर निर्माण योजना वडा न ७
४) वालाफुगी मष्टा मन्दिर निर्माण योजना वडा न ७
५) बज्यु मन्दिर निर्माण योजना वडा न ६
६) रुपाली माई मन्दिर निर्माण योजना वडा न ६
७) शिव पार्वती मन्दिर निर्माण योजना वडा न ६
८) भैरव मन्दिर निर्माण योजना वडा न ६
९) कालशिलो मष्टा मन्दिर निर्माण योजना वडा न ६
१०) भवानी माई मन्दिर निर्माण योजना वडा न ६ पाँडी
११) मष्टा मन्दिर निर्माण योजना वडा न ५ नदापाटा
१२) खापर भेराल मन्दिर निर्माण योजना वडा न ५
१३) लाटा मष्टा मन्दिर निर्माण योजना वडा न ५
१४) बरम मन्दिर निर्माण योजना वडा न ५
१५) शिव मन्दिर निर्माण योजना वडा न ५ कुवाडी
१६) धर्मदेव मन्दिर निर्माण योजना वडा न ४ बोर्ता
१७) दलित मष्टा मन्दिर निर्माण योजना वडा न ४ बोर्ता
१८) देईमाडु माईको मन्दिर निर्माण योजना वडा न ४
१९) मष्टा मन्दिर मर्मत योजना वडा न ४
२०) कैलाश मन्दिर निर्माण योजना वडा न १ टीन
२१) जनजाती मष्टादेव मन्दिर निर्माण योजना वडा न ३ बौडी
२२) माई मन्दिर निर्माण योजना वडा न ३ यूना
२३) बरम देव मन्दिर निर्माण योजना वडा न ३ बौडी
२४) हिल्सा मन्दिर निर्माण योजना वडा न ३ गुम्बा
२५) लवासुर मन्दिर निर्माण योजना वडा न २ कोटीगाउँ
२६) महादेव मन्दिर निर्माण योजना वडा न २ कोट
२७) निराग्लो देव मन्दिर निर्माण योजना वडा न २ रुम्दी
२८) नेटा कुलमष्टा मन्दिर निर्माण योजना वडा न १ नेटा
२९) ईश्यामी देवता मन्दिर निर्माण योजना वडा न १ बाँम
३०) टिन ढोगदिना मन्दिर निर्माण योजना वडा न १

**९) हिमाली गाउँपालिकासँग जोडिएको कर्णाली नदिको क्षेत्रमा र्‍याफ्टीङ्ग सेवा लगायत अन्य पर्यटकीय क्षेत्रको प्रवर्द्धन गर्नका लागि ५ लाख बजेटको व्यवस्था मिलाएको छु।**

**१०) यस हिमाली गाउँपालिकाको समग्र शैक्षिक गुणस्तर वृद्धि गर्नका लागि शिक्षक विद्यार्थी अनुपात अनुसार नियुक्ति गरिएका स्वयम सेवक शिक्षकहरुलाई निरन्तरता दिनुका साथै उक्त**

शिक्षकहरुको पारिश्रमिक तलब भत्ताको लागि १ करोड १३ लाख ७७ हजार ५ सय बजेटको व्यवस्था मिलाएको छु ।

११) यस हिमाली गाउँपालिकाको शिक्षा शाखा विभिन्न कार्यक्रम अन्तरगत १२ लाख बजेटको व्यवस्था गरेको छु ।

१२) यस गाउँपालिकाका माध्यामिक सामुदायिक विद्यालयहरुमा कार्यरत स्थायी, राहत अर्न्तगतका शिक्षक, कर्मचारी तथा प्राविधिक कर्मचारीहरुको तलव भत्ताको लागि ३० लाख बजेटको व्यवस्था गरेको छु ।

१३) यस गाउँपालिकाका आधारभूत सामुदायिक विद्यालयहरुमा कार्यरत स्थायी, राहत अर्न्तगतका शिक्षक, कर्मचारीहरुको तलव भत्ताको लागि ३ करोड ८९ लाख बजेटको व्यवस्था गरेको छु ।

१४) यस गाउँपालिका अन्तरगत विभिन्न स्थानमा कार्यरत प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारीहरुको व्यवस्थापनको लागि ४३ लाख ४६ हजार बजेटको व्यवस्था गरेको छु ।

१५) समावेशी शिक्षा शैक्षिक गुणस्तर वृद्धि गर्न गाउँपालिका भरिका सबै सामुदायिक विद्यालयहरुमा परीक्षा प्रणालीको एकरुपकता र शैक्षिक सत्रको सुरुवातमै पाठ्यपुस्तक उपलब्ध गराउनको लागि २४ लाख १९ हजार बजेटको व्यवस्था गरेको छु ।

१६) विभिन्न सामुदायिक विद्यालयहरु संचालन तथा व्यवस्थापन गर्नका लागि १३ लाख ४१ ह्जार बजेटको व्यवस्था गरेको छु ।

१७) यस हिमाली गाउँपालिका अन्तरगतका सामुदायिक विद्यालयमा बैकल्पीक तथा साक्षरता र निरन्तर शिक्षाका कार्यक्रमहरु संचालन गर्न ८ लाख  बजेटको व्यवस्था गरेको छु ।

१८) महिनावारी भएकै कारणले कुनै पनि छोरीहरुको पढाइ नछुटवस भन्ने उद्देश्यका साथ सबै किशोरीहरुलाई निशुल्क स्यानिटरिट प्याड वितरणका लागि ९ लाख ३१ हजार बजेटको व्यवस्था गरेको छु ।

१९) गाउँपालिका स्तरीय कक्षा ८ को बार्षिक परीक्षा प्रणालीलाई विश्वसनिय बनाई परीक्षा प्रणालीमा एकरुपकता ल्याउनको लागि ११ लाख ११ हजार बजेटको व्यवस्था गरेको छु ।

२०) यस गाउँपालिकामा संचालित माध्यामिक तह ९ र १० कक्षाको अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदानको लागि १७ लाख २८ हजार बजेटको व्यवस्था गरेको छु ।

२१) यस गाउँपालिकामा संचालित आधारभूत तहका विद्यालयहरुमा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदानको लागि २३ लाख ६९ हजार बजेटको व्यवस्था गरेको छु ।

२२) कोरोना लगायत अन्य विभिन्न कारण विद्यालय तथा शिक्षण सिकाईमा पर्न सक्ने प्रभावलाई मध्यनजर गरी शिक्षण सिकाईलाई निरन्तरता दिइ विद्यालयलाई सुरक्षित राख्न वैकल्पिक सिकाईको लागि ५२ लाख ४८ हजार बजेटको व्यवस्था गरेको छु ।

२३) समावेशी शिक्षा शैक्षिक गुणस्तर वृद्धि गर्न सार्वजनिक विद्यालयमा अध्ययनरत आर्थिक तथा विपन्न, दलित, जनजातीका बालबालिकाहरुलाई छात्रवृत्तीको लागि ९ लाख ६१ हजार बजेटको व्यवस्था गरेको छु ।

२४) हिमाली गाउँपालिकाको खेलकूद क्षेत्रको विकास गर्न "स्वास्थ्यको लागि खेलकूद राष्ट्रका लागि खेलकूद" भन्ने मूल नारालाई साकार पार्न गाउँपालिकामा राष्ट्रपति रनिङ्गसिल्ड खेलकूद प्रतियोगिता लगायत अन्य अतिरिक्त क्रियाकलापहरु संचालन गर्न रु १ लाख र अध्यक्ष कप खेलकूदको लागि ४ लाखबजेटको व्यवस्था गरेको छु ।

२५) सबैका लागि शिक्षा, शिशु विकास कार्यक्रम संचालनका लागि रु ८ लाख बजेटको व्यवस्था गरेको छु ।

२६) "टोलटोलमा स्वास्थ्य सेवाको पूर्वाधार" "गुणस्तरीय र जनमुखी स्वस्थ्य सेवा समृद्ध एवं दिगो विकासको आधार" भन्ने नारालाई स्वास्थ्यको मूल नाराको रुपमा अंगिकार गर्दै यस गाउँपालिकाका सबै नागरिकको पहुँचमा आधारभूत स्वस्थ्य सेवा पुगाउन हिमाली गाउँपालिकाका दुर्गम बस्तिहरु पाँडी, क्यूडी, बाम र गुम्बामा जनशक्ति सहित स्वास्थ्य संस्थाको स्थापना गर्नुको साथै बोर्ता, बच्छयाँ, रुम्दी र बौडिमा गाउँघर क्लिनिक एबं घुम्ती स्वास्थ्य सेवा क्लिनिक सेवा संचालन गर्नको लागि र नयाँ निमार्णहुने भवनमा फर्निचर व्यवस्थापन गर्नको लागि ४० लाख बजेटको व्यवस्था गरेको छु । सो अन्तरगत तपशिलका योजनाहरु प्रथमिकरण गरीएको छ ।

१) बिच्छयाँ स्वास्थ्य चौकी अन्तरगत बर्थिङ्ग सेन्टर तथा आईसुलेशन भवन निर्माण
२) नयाँ बनेका भवनहरुमा आवश्यक फर्निचर तथा औजार उपकरणको व्यवस्था
३) बाँम गुम्बा पाँडी र क्यूडीमा स्वास्थ्य संस्था स्थापना तथा कर्मचारी व्यवस्थापन
४) वक्षा बोर्ता बौडीमा गाउँघर क्लिनिकको व्यवस्था तथा सञ्चालन

२७) आमा सुरक्षा कार्यक्रम अन्तरगत एम्बुलेन्स सञ्चालनका लागि ६लाख बजेटको व्यवस्था मिलाएको छु ।

२८) कोभिड १९ को प्रभावलाई न्यूनीकरण तथा व्यवस्थापन गर्नका लागि ३३ लाख बजेटको व्यवस्थाा गरेको छु ।

२९) यस हिमाली गाउँपालिकाका सम्पूर्ण नागरिकहरुलाई आधारभूत स्वास्थ्य सेवा तथा निशुल्क औषधि उपचारको लागि औषधि खरिद गर्न ३५ लाख बजेटको व्यवस्था गरेको छु ।

३०) “टोलटोलमा स्वास्थ्य सेवाको पूर्वाधार” “गुणस्तरीय र जनमुखी स्वस्थ्य सेवा समृद्ध एवं दिगो विकासको आधार” भन्ने नारालाई स्वास्थ्यको मूल नाराको रुपमा अँगिकार गर्दै यस गाउँपालिकाका सबै नागरिकको पहुँचमा आधारभूत स्वस्थ्य सेवा पुगाउन हिमाली गाउँपालिकामा परिवार कल्याण कार्यक्रम संचलन गर्न र स्वास्थ्य ब्यवस्थापन कार्यक्रम संचालन गर्न रु ५२ लाख बजेटको व्यवस्था गरेको छु।

३१) यस हिमाली गाउँपालिकामा क्षयरोगीहरुलाई स्वास्थ्य सेवाको पहुँचमा पुर्‍याउनका सार्थै क्षयरोग नियन्त्रणका लागि २ लाख बजेटको व्यवस्था गरेको छु।

३२) विद्यालय स्वस्थ्य शिक्षा आमा समूह तथा महिला स्वास्थ्य स्वयमसेविकाको लागि सामाजिक व्यवहार परिवर्तन गर्नका लागि १ लाख बजेटको व्यवस्था गरेको छु।

३३) यस हिमाली गाउँपालिकाभित्र संचालनमा रहेका स्वास्थ्य संस्थामा आवश्यक औषधि खरिद तथा न्यूनतम सेवा मापदण्ड पुरा गर्नका लागि १६ लाख बजेटको व्यवस्था गरेको छु।

३४) महिला स्वास्थ्य स्वयमसेविकाको मनोबल उच्च राख्न शशर्त बजेत अन्तर्गत प्राप्त हुने बार्षिक १२ हजारमा थप गाउँपालिका श्रोतबाट २ हाजर थप गरि बार्षिक एकमुष्ट १४ हजार रकम प्रोत्साहन स्वारुप उपलब्ध गराउनको लागि शर्शत र निशर्त गरी ६ लाख बजेटको व्यवस्था गरेको छु।

३५) विभिन्न महामारी जन्य रोगहरु सर्ने तथा नसर्ने रोगहरु सम्बन्धि रोकथाम, नियन्त्रण, उपचार र जनचेतनामूलक कार्यक्रममा संचालन गर्नका लागि ६ लाख बजेटको व्यवस्था गरेको छु।

३६) स्वास्थ्य संस्थामा कार्यरत स्थायी कर्मचारीहरुको सेवा सुविधाको लागि शशर्त स्रोतबाट १ करोड २२ लाख बजेटको व्यवस्थाा गरेको छु।

३७) यस हिमाली गाउँपालिका स्वास्थ्य शाखा अन्तरगत कार्यरत करार स्वास्थ्य कर्मिहरुको लागि ५१ लख ६१ हजार बजेटको व्यवस्था गरेको छु।

३८) कार्यालय संचालन तथा व्यवस्थापन गर्न करार कर्मचारीहरुका लागि ६० लाख बजेको व्यवस्था गरेको छु।

३९) यस हिमाली गाउँपालिकामा कार्यरत स्थायी कर्मचारीहरुको पारिश्रमिक तलव भत्ता वाफत १ करोड ५ लाख ६५ हजार बजेटको व्यवस्था गरेको छु।

४०) हिमाली गाउँपालिकामा रहेका ७ वटै वडा कार्यलयहरुको कार्यालय संचालन तथा प्रशासनीक खर्चका लागि एकमुष्ट ६ लाख २० हजार बजेटको व्यवस्था गरेको छु।

४१) बहुक्षेत्रिय पोषण कार्यक्रमलाई निरन्तरता दिन रु २४ लाख बजेटको व्यवस्था गरेको छु।

४२) **गाउँपालिका भित्रमाथिका ६५ बर्ष भन्दामाथि र ७० बर्ष भन्दा तलका जेष्ठ नागरिकहरु र ग र घ वर्गका सम्पूर्ण अपागंहरुलाइ बितरण गर्दै आईरहेको सामाजिक सुरक्षाभत्ता कार्यक्रम लाई निरन्तरता दिनका साथै गाँउपालिका भित्रका ५० वर्षभन्दा माथिका एकल पुरुषलाई गाउँपालिकाको तर्फबाट सामाजिक सुरक्षा भत्ता तर्फ ९ लाख ५० हजार बजेटको व्यवस्था मिलाएको छु ।**

४३) **यस हिमाली गाउँपालिकाभित्र रहेका दलित , महिला, विपन्न र अल्पसंख्य समुदायको उत्थान विकास र क्षमता अभिबृद्धिका लागि सो लक्षित कार्यक्रमका अन्तरगत ७ लाख बजेतको व्यवस्था गरेको छु ।**

४४) **यस हिमाली गाउँपालिकाले विभिन्न सेवा प्रदायक निकायसँग समन्वय, सहकार्य र सहमतीका आधारमा संचालन गर्ने विभिन्न घुम्ती सेवा संचालनका लागि ५ लाख बजेटको व्यवस्था गरेको छु ।**

४५) **यस हिमाली गाउँपालिकाका निर्वाचित जनप्रतिनिधीहरुलाई विविध खर्च व्यवस्थापनको ३ लाख ७० हजार बजेटको व्यवस्था मिलाएको छु ।**

४६) **गाउँपालिकाभित्र अपाङ्ग तथा जेष्ठ नागरिकहरुको पहिचान गरी समय अनुकूल परिचयपत्र वितरणका लागि रु १ लाख बजेटको छु।**

४७) **यस गाउँपालिकामा लागू भएका सम्पूर्ण सरकारी तथा गैर सरकारी संघ संस्थाहरुबाट प्रदान गरिने सेवाहरुलाई एकद्धार प्रणालीबाट सेवा प्रदान गरिने व्यवस्थालाई निरन्तरता दिनुका साथै विकासमा सार्वजानिक निजि साझेदारी रणनीतिलाई वास्तविक कार्यनीतिमा परिणत गर्नका लागि साझेदारी कार्यक्रम अन्तरगत १५ लाख बजेटको व्यवस्था मिलाएको छु ।**

४८) **हिमाली गाउँपालिका वडा नं. ६ अन्तरगत धिम पाँडी सडक निमार्णका लागि समपूरक अनुदानबाट प्राप्त २ करोड ८ लाख बजेटको व्यवस्था गरेको छु ।**

४९) **गाउँपालिकामा पुर्वाधार विकास गरी समृद्ध हिमाली गाउँपालिका बनाउने क्रममा क्रमशः गाउँपालिका क्षेत्रभित्र रहेका काठे एवम् ढुङ्गे पुलहरुलाई विस्थापित गर्दै बाँकी रहेका सुप, सिमपानी, जौंली र छिम्दु लगायतका स्थानहरुमा झोलुंगेपुल निर्माणका लागि रु ३३ लाख बजेटको व्यवस्था गरेको छु । साथै तपशिलका सडक, गोरेटो बाटो तथा पुल निमार्ण र स्तर उन्नतीका लागि १ करोड २० लाख बजेटको व्यवस्था मिलाएको छु ।**

१) भौतिक पूर्वाधार सडक,गोरेटो बाटो, झो.पु. तर्फका योजनाहरु

२) पम्पानी बिच्छ्याँ सडक वडा १ र ३

३) रुगिन नदापाटा सडक वडा ५

४) धुलाचौर फैती बोर्ता सडक स्तरोन्तरी वडा न ४

५) घटमुना बाहिर भाग सडक वडा न ७

६) बिउरी वक्षा सडक वडा न ५
७) धुलाचौर धिम पाँडी सडक निर्माण वडा न ६
८) रुम्दी देखि कोटसम्म सडक निर्माण वडा २
९) बाँधु पाँडी गोरेटो बाटो निर्माण वडा न ७
१०) बालाफुगी बाटो मर्मत वडा न ७
११) डिग्री देखि खौलासम्म गोरेटो बाटो वडा ६
१२) पातरखानी गोरेटो बाटो वडा न ६
१३) दहछाल गोरेटो बाटो निर्माण न ६
१४) बोर्ता देखि थुमसम्म गोरेटो बाटो निर्माण वडा न ४
१५) बाइने माण्डु देखि खौला गोरेटो बाटो निर्माण वडा न ४
१६) लेब्डी देखि लेख बोर्तासम्म गोरेटो बाटो निर्माण वडा न ४
१७) भानढुङ्ग्री देखि डाँडाखलासम्म गोरेटो बाटो निर्माण वडा न ४
१८) रुगिन ग्याम्चुसम्म गोरेटो बाटो निर्माण वडा न ५
१९) आफर देखि लेखसम्म गोरेटो बाटो निर्माण वडा न ५
२०) काँफल खाडा देखि लेख वक्षासम्म गोरेटो बाटो निर्माण वडा न ५
२१) कुवाडी देखि कुथुसम्म गोरेटो बाटो निर्माण वडा न ५
२२) नदापाटा देखि नदै गोरेटो बाटो निर्माण वडा न ५
२३) गंरी देखि यूनासम्म गोरेटो बाटो निर्माण वडा न ३
२४) मालढुङ्गा देखि सेरासम्म गोरेटो बाटो निर्माण वडा न ३
२५) बाङग्रे गौडा गोरेटो बाटो निर्माण वडा न ३
२६) गुम्बा देखि फुलसैन गोरेटो बाटो निर्माण वडा न ३
२७) जौली देखि लाम्पाटा गोरेटो बाटो निर्माण वडा न ३
२८) सिउडेनी देखि नातीखोलासम्म गोरेटो बाटो निर्माण वडा न २
२९) तल्ल रुम्दी देखि बानविनासम्म गोरेटो बाटो निर्माण वडा न २
३०) कोट देखि घट्टसम्म गोरेटो बाटो निर्माण वडा न २
३१) कोटी गाउँ देखि काँडाबाडासम्म गोरेटो बाटो निर्माण वडा न २
३२) लाममेली देखि टिनसम्म बाटो निर्माण वडा न १
३३) देउसैन देखि ठाना मधुसेसम्म बाटो निर्माण वडा न १
३४) सिङ्पानी लडेपानी तरीखोला बाटो निर्माण वडा न १
३५) बिच्छ्याँ कुमाला बल्देमाण्डु बाटो निर्माण वडा न १
३६) सिमपानी देखि टिन सम्म गोरेटो बाटो निर्माण वडा न १
३७) सैनचौर गोरखोला देखि दलित टोल बाटो निर्माण वडा न ३
३८) पाँडी देखि भैसीलेख सम्म बाटो निर्माण वडा न ६
३९) धिम देखि झिनीसम्म गोरेटो बाटो निर्माण वडा न ६
४०) तुसारपानी बाटो योजना निर्माण वडा न ६
४१) सुपखोला झो.पु.निर्माण योजना वडा न ५

४२) छिम्दु झो.पु.निर्माण योजना वडा न ३
४३) सिङ्पानी झो.पु.निर्माण योजना वडा न १
४४) नेती झो.पु.निर्माण योजना वडा न ३
४५) गोर खोला झो.पु.निर्माण योजना वडा न ३
४६) बौडी खोला झो.पु.निर्माण योजना वडा न ३
४७) जौली खोला झो.पु.निर्माण योजना वडा न ३
४८) सिउडेनी झो.पु.निर्माण योजना वडा न २
४९) धौलीगाड झो.पु.निर्माण योजना वडा न २
५०) तिरतिरे खोला झो.पु.निर्माण योजना वडा न २
५१) बिच्छ्याँ खोला झो.पु.निर्माण योजना वडा न १

**५०) हिमाली गाउँपालिकाभित्र रहेका खरको छाना हटाई जनतालाई सुरक्षित आवासको पहुँच पुर्‍याउन सुरक्षित नागरिक आवास कार्यक्रमका लागि रु २२ लाख बजेटको व्यवस्था गरेको छु ।**

**५१) सुरक्षित विद्यालय धुलो भुक्त विद्यार्थी हाम्रो इच्छा, श्रम सिप र रोजगारमुखी गुणस्रीय शिक्षा भन्ने नारालाई साकार पार्दै प्रत्येक विद्यालयमा डेस्क, बेन्च तथा विद्यालय फर्निचरको व्यवस्था लगायत शिक्षा क्षेत्रका आवश्यक भौतिक संरचना निमार्ण गर्नका लागि १ करोड १० लाख बजेटको व्यवस्थापन गरेको छु । सो अन्तरगत तपशिल बमोजिमको योजनाहरु प्रथमिकरण गरिएका छन् ।**

भवन तथा संरचना निर्माण
सबै विद्यालयमा आवश्यकता अनुसार फर्निचरको व्यवस्था

१) सबै विद्यालयहरुमा ईन्टरनेटको व्यवस्था
२) जनता आधारभूत विद्यालय भवन निर्माण वडा न ७
३) ने.रा. आधारभूत विद्यालय भवन निर्माण वडा न ४
४) बिच्छ्याँ मावि छात्रवासको शौचालय निर्माण वडा न १
५) बडिमालिका मावि छात्रावास मर्मत वडा न ६
६) जनज्योती आधारभूत विद्यालय भवन निर्माण वडा ६
७) गंगा आधारभूत विद्यालय शौचालय निर्माण वडा न ३
८) लवासुर आधारभूत विद्यालय घेरबार निर्माण वडा न २
९) गोश्वारा आधारभूत विद्यालय घेरबार निर्माण वडा न १
१०) भवानी मावि फिल्ड/मर्मत
११) मंगलमय आधारभूत विद्यालय शौचालय तथा भान्साघर मर्मत
१२) शैलेश्वरी बालविकास शौचालय निर्माण
१३) बागेश्वरी मावि भवन निर्माण

**५२) गाउँपालिकाको प्रशासकीय भवन र वि.पी स्मीति भवन डेकुरेसनको लागि २० लाख बजेटको व्यवस्था गरेको छु ।**

**५३) हिमाली गाउँपालिकाका गौरबका योजनाहरुमा जस्तै पादुका देखि रानीसैन सम्मका पर्यटकीय क्षेत्रको पहिचान, हिमाली गाउँपालिका स्तरीय रंगशाला, औधौगिक क्षेत्र, प्राविधिक शिक्षालय, जडिबुटी उद्योग, सडक निमार्ण लगायतका अन्य भौतिक पूर्वधारको DPR तयार गर्नुका साथै भूगोलको सम्भाव्यता अध्ययन गर्नका लागि र अन्य परामर्श सेवा लिनको लागि पुजिगत पशामर्शको लागि २९ लाख बजेतको व्यवस्था मिलाएको छु ।**

**५४) हिमाली उज्यालो अभियान अर्न्तगत यस गाउँपालिकामा निमार्णाधीन कवाडी लघु जलविद्युत् आयोजना, र विच्छूँया खोला लघु जलविद्युत् आयोजनाहरुलाई निमार्ण कार्य सम्पन्न गर्नका लागि १ करोड ३० लाख बजेटको व्यवस्था मिलाएको छु । सो अन्तरगत तपशिल बमोजिमको योजनाहरु प्रथमिकरण गरिएका छन् ।**

१) कुवाडी खोला जल विद्युत आयोजना निर्मणि वडा न ५
२) नातीखोला जल विद्युत आयोजना निर्माण वडा न १ २
३) धिम बोल्ढीक क्यूडी विद्युत लाईन विस्तार

**५५) राष्टिय ग्रामिण उर्जा कार्यक्रम अर्न्तगत नवीकरणिय उर्जा प्रविधि जडानको लागि रु १० लाख बजेटको व्यवस्था गरेको छु ।**

**५६) यस हिमाली गाउँपालिकाको प्रशासकीय भवनमा विद्युत आपुर्तिका लागि बैकल्पीक उर्जा जडान तर्फ ९ लाख बजेटको व्यवस्था गरेको छु ।**

**५७) खानेपानीका पुराना आयोजनाहरुको मर्मत पुनर्स्थापना एवं नयाँ आयोजनाहरुको कार्यन्वयन गर्न तथा सिचाईका योजनाहरु निमार्ण गर्नका लागि तपशिल बमोजिमको योजनाहरुका लागि १ करोड बजेटको व्यवस्था मिलाएको छु ।**

१) बाँधु सिचाई ट्याङ्की मर्मत वडा न ७
२) बाँधु सिचाई कुलो मुल मर्मत वडा न ७
३) मुसेकुलो बोल्ढीक सिचाई कुलो निर्माण वडा न ६
४) ढिकुरे सिचाई कुलो योजना निर्माण वडा न ६
५) पारीखेत सिचाई कुलो योजना निर्माण वडा न ६
६) फैताली घट्ट सिचाई कुलो योजना निर्माण वडा न ६
७) भिरमुनी देखि सेरीसम्म सिचाई कुलो योजना निर्माण वडा न ४
८) रौताली देखि मेहलखोलासम्म सिचाई कुलो योजना निर्माण वडा न ४
९) चौडिला देखि खाडागैरासम्म सिचाई कुलो योजना निर्माण वडा ५
१०) वक्षा सिचाई कुलो योजना निर्माण वडा न ५
११) बिउरी सिचाई कुलो योजना निर्माण वडा न ५
१२) बौडी घट्ट बगर सिचाई योजना निर्माण वडा न ३
१३) यूना सैन जिउलो सिचाई कुलो निर्माण वडा न ३

१४) पारी बोल्ढीक सिचाई कुलो योजना निर्माण वडा न ६

खानेपानी तर्फ योजनाहरु

१) जनता आवि खानेपानी योजना निर्माण वडा न ७
२) आधारभूत स्वास्थ्य केन्द्र धिम खानेपानी योजना निर्माण वडा न ६
३) झिनी खानेपानी योजना निर्माण वडा न ६
४) भेडेमुल खानेपानी योजना मर्मत वडा न ६
५) कुसेडी खानेपानी योजना निर्माण वडा न ६
६) आधारभूत स्वास्थ्य केन्द्र धुलाचौर खानेपानी योजना निर्माण वडा न ६
७) रिर्जब टयाङ्की सहित धारा निर्माण योजना वडा न ४ बोर्ता
८) लेब्डी खानेपानी योजना निर्माण वडा न ४
९) जरगाउँ पहिरो हुँदै सुप खानेपानी योजना मर्मत वडा न ५
१०) लेख वक्षा खानेपानी योजना निर्माण वडा न ५
११) विउरी खानेपानी योजना निर्माण वडा न ५
१२) नदापाटा जिउछा खानेपानी योजना मर्मत वडा न ५
१३) रिठा कुवाडी खानेपानी योजना मर्मत वडा न ५
१४) बौडी खानेपानी योजना निर्माण वडा न ३
१५) गंगा आवि खानेपानी योजना निर्माण वडा न ३
१६) आधारभूत स्वास्थ्य केन्द्र यूना खानेपानी योजना निर्माण वडा न ३
१७) यूना सिल्की खानेपानी निर्माण योजना वडा न ३
१८) भित्त नातीखोला खानेपानी निर्माण योजना वडा न २
१९) आधारभूत स्वास्थ्य केन्द्र कोट खानेपानी योजना निर्माण वडा न २
२०) काले खोला देखि महानीसम्म खानेपानी निर्माण योजना वडा न २
२१) बिच्छ्याँ वस्ती खानेपानी योजना निर्माण वडा न १
२२) मैतर्ना दर्माली खौला लिगुडी मेला खानेपानी योजना निर्माण वडा न १
२३) नुन्या वस्ती खानेपानी योना निर्माण वडा न १ बाँम
२४) भडारी पातला देखि सुकिला मष्टा खानेपानी योजना वडा न ६
२५) पाँडी नाउला घेरबार निर्माण योजना वडा न ६ पाँडी
२६) कापुचौर स्याउ ओखर फर्म घेरबार निर्माण वडा न ६ कापुचौर
२७) बडिमालिका गेट देखि तलबाडासम्म तटबन्धन निर्माण वडा न ६ धिम
२८) परिदुले घेरबार निर्माण वडा न ५ कुवाडी
२९) वक्षा दलित टोल स्याउ फाराम घेरबार निर्माण वडा न ५
३०) ठुलाकोट आविमा खानेपानी योजना निर्माण वडा न २ कोट

**५८) हिमाली गाउँपालिकाका सबै सेवाहरुको सूचनाहरु सबै नागरिकहरुको पहुँचमा पुर्‍याउनको लागि ६ लाख बजेटको व्यवस्था गरेको छु ।**

५९) गाउँपालिका क्षेत्रभित्र रहेका सबै वडाहरुसम्म नागरिकहरुलाई इन्टरनेटको पहुँच पुर्‍याउन १५ लाख ९ हजार बजेटको व्यवस्था मिलाएको छु ।

६०) गाउँपालिका क्षेत्रभित्र शान्ती सुरक्षा कायम गरी नागरिकहरुलाई सुरक्षित महशुस गराउनको लागि आवश्यक बन्दाबस्तिका सामाग्री व्यवस्थापन गर्न ५ लाख बजेटको व्यवस्था गरेको छु ।

६१) गाउँपालिका क्षेत्रभित्र भब्बितव्य, बिपद् जस्ता समस्याहरुको सामना तथा व्यवस्थापनका लागि ९० लाख बजेटको व्यवस्था मिलाएको छु ।

६२) गाउँपालिका अर्न्तगत कार्यरत करार कर्मचारीहरको क्षमता अभिवृद्धि तथा उच्चमनवल कायम गराउन खाइपाइ आएको तलभ भत्तामा २ हजारका दरले वृद्धि गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

६३) यस हिमाली गाउँपालिका अध्यक्ष सचिवालय र न्यायिक समितिको कार्यलय व्यवस्थापनको लागि १/१ लाख गरी जम्मा २ लाख बजेटको व्यवस्था गरेको छु ।

६४) प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत यसै वर्ष भित्र सबै वेरोजगार युवाहरुलाई १०० दिनको रोजगार प्रदान गर्नका लागि प्राप्त शशर्त अनुदान वाफतको कर्मचारीहरुको पारिश्रमिक तथा कामको लागि पारिश्रमिक गरी रु १ करोड ३३ लाख बजेटको व्यवस्था गरेको छु ।

६५) प्रधानमन्त्री रोजगार तथा युवा रोजगारी का लागी रुपान्तरण पहल परियोजना कार्यक्रम मार्फत यसै वर्ष भित्र सबै वेरोजगार युवाहरुलाई १०० दिनको रोजगार प्रदान गर्नका लागि प्राप्त शशर्त अनुदान वेरोजगार युवा जनशक्तिलाई सिपमुलक स्वं रोजगार वनाउन प्राप्त शशर्त अनुदान वाफतको कर्मचारीहरुको पारिश्रमिक तथा कामको लागि पारिश्रमिक गरी रु ५५ लाख बजेटको व्यवस्था गरेको छु ।

६६) राष्टिय परिचय पत्र तथा पंञ्जीकरण कार्यक्रमलाई थप प्रभावकारी कर्मचारीहरुको तलव भत्ताका साथै कार्यक्रम संचालनको लागि रु १७ लाख बजेट विनियोजन गरेको छु ।

६७) यस हिमाली गाउँपालिकाका निर्वाचित जनप्रतिनिधीहरुको सेवा सुविधाको लागि १ करोड ६ लाख बजेटको व्यवस्था गरेको छु ।

६८) यस गाउँपालिकामा प्राप्त शर्शत अनुदान तर्फका विभिन्न शाखाका कार्यक्रमहरुको लागि रु ३७ लाख ४६ हजार बजेटको व्यवस्था मिलाएको छु ।

६९) अन्य चालू तर्फ २ करोड २९ लाख ११ हजार ५ सय बजेटको व्यवस्था गरेको छु ।

७०) यस हिमाली गाउँपालिकामा संचालित विभिन्न संघसँस्थाहरुबाट प्राप्त बजेटबाट तपशिल बमोजिमका कार्यक्रमहरु संचालन गर्न तपशिल बमोजिमको बजेटको व्यवस्था मिलाएको छु ।

१) सम्पूर्ण परियोजनाका कार्यक्रम संचालन गर्न ४४ लाख ८५ हजार १ सय ५२

२) स्थानीय अधिकार कार्यक्रम संचालन गर्न ६ लाख ८९ हजार ८ सय २४

यो बजेट तर्जुमाका शिलशिलामा संघिय सरकारको निति तथा कार्यक्रम, प्रदेश सरकारका निति तथा कार्यक्म, १५ औ आवधिक योजना, दिगो विकाशका लक्ष्य र निर्वाचनका समयमा हामीले जनता समक्ष गरेका प्रतिवद्धता समेत लाई मध्यनजर गरी मार्गदर्शन गर्नुहुने श्रद्धेय उपाध्यक्ष ज्यु, आदरणीय सभा सदस्य ज्युहरु, विभिन्न राजनितिक दलका प्रतिनिधि ज्युहरु , प्रमुख प्रशासकिय अधिकृत ज्यु, लगाएत सवै राष्ट्र सेवक कर्मचारी, निजी क्षेत्र, उद्योग वाणिज्य संघ, नागरिक समाज, पत्रकार, जगतबाट प्राप्त सुझाव, सहयोग र सल्लाह प्रति हार्दिक आभार प्रकट गर्दछु। यो बजेट कार्यन्वयनमा गाउँपालिका वासी सवै र कर्मचारी प्रशासन, निर्माण व्यवसायी उपभोक्ता समिति र सरोकारवालाको सहयोग र साथ रहने अपेक्षा समेत गरेको छु ।

धन्यवाद ।
गोविन्द्र बहादुर मल्ल
गाउँपालिका अध्यक्ष